# श्री सर्वोच्च अदालतको

# सूचना

**मिति : २०८१।१०।२७**

**ने.सं. ११४५ सिल्लाथ्वः १२, आइतबार**

सर्वोच्च अदालतको न्यायाधीश पदमा रही न्याय, कानून क्षेत्रमा राष्ट्रलाई योगदान पुऱ्याउनुभएका सर्वोच्च अदालतका पूर्व न्यायाधीश अरविन्दनाथ आचार्यलाई हामी उच्च सम्मानका साथ स्मरण गर्दछौं। उहाँ मिति २०४९।१०।०१ मा सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त भई मिति २०६०।०१।१३ सम्म कार्यरत रहनु भएको थियो। विक्रम संवत् १९९५ वैशाख १४ गते काठमाडौंको डिल्लीबजार, मैतिदेवी फाँटमा जन्म भई विक्रम संवत् २०८१।१०।२५ गते ८६ वर्ष ९ महिना १२ दिनको उमेरमा भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं।

स्वर्गीय आचार्य देवानी र फौजदारी कानूनका क्षेत्रमा विशेष दखल राख्ने, लगनशील, मिलनसार, सहृदयी, मृदुभाषी एवम् अनुभवी न्यायिक व्यक्तित्वको रूपमा स्थापित हुनुहुन्थ्यो। उहाँको निधनबाट न्याय र कानूनका क्षेत्रमा अपूरणीय क्षति पुग्न गएको छ। उहाँको निधनबाट राष्ट्रले एउटा सच्चा राष्ट्रप्रेमी र न्यायिक व्यक्तित्वलाई गुमाएको छ। यस दुःखद् घडीमा उहाँको आत्माको चीर र अनन्त शान्तिको कामना गर्दै एक मिनेट मौन धारण गरी शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरिएको व्यहोरा मिति २०८१।१०।२७ मा आकस्मिक रूपमा बसेको सर्वोच्च अदालतको पूर्ण बैठकको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

२०८१।१०।२७

अच्युत कुइँकेल

(प्रवक्ता)